## सम्वत् २०८१ साल बैशाख २१ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को अवधारणा पत्र" स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश अन्तर्गत इलाम, ताप्लेजुङ, सोलुखुम्बू, तेह्रथुम, खोटाङ र भोजपुर जिल्लामा भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको लागि सो मन्त्रालय र अन्तर्गत रहेका कूल मौजुदा दरबन्दीमा थप नहुने गरी दरबन्दी मिलान गर्ने र थप आर्थिक भार नपर्ने गरी संलग्न अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय: प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी कोशी प्रदेश सभा सदस्य माननीय उद्धव थापाको दक्षिण कोरियाको वैदेशिक भ्रमण स्वीकृत गरी निजलाई कुटनीतिक राहदानीका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौलाई सिफारिस गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय: यस मन्त्रालयको आ.व.२०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत ब.उ.शि.नं. ३१४३०१२ (पुँजीगत तर्फ) ख.शि.नं. ३११६१ सुरक्षा निकायहरुको भौतिक संरचनाहरूको मर्मत सम्भारमा विनियोजित रकम रु. ३,००,३०,०००।०० (रु. तीन करोड तीस हजार मात्र) लाई नेपाल सरकार, गृह मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिई संलग्न अनुसूची बमोजिम विभिन्न सुरक्षा निकायहरूलाई बाँडफाँड गर्न स्वीकृति प्रदान गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालय: फोहोरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यबिधि, २०८०" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

६. स्वास्थ्य मन्त्रालय: नगरपालिका अन्तरगतको अस्पताललाई प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नति गर्ने सम्बन्धी प्रचलित कानून तथा मापदण्ड पूरा गर्ने गरी कटारी अस्पताल, उदयपुरलाई ५० शैयाको प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नती गर्न स्वीकृतिका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।"

७. पर्यटन, वन तथा वातावरण मन्त्रालय: पर्यटन विकास आयोजना, कोशी प्रदेश विराटनगरबाट आर्थिक बर्ष २०७९/८० मा भुक्तानी गर्न छुट भएको जम्मा रु. ४८,०७,८६३.८५ (अक्षरेपी अठचालिस



*द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

लाख सात हजार आठ सय त्रिसट्ठी रुपैयाँ पचासी पैसा) रकमान्तर गर्न श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश विराटनगरलाई स्वीकृति प्रदान गर्ने।

## सम्वत् २०८१ साल बैशाख २६ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्र.मं.बै.सं ४१/२०८० मिति २०८०/१२/२६ को निर्णयानुसार कोशी प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशन मिति २०८१।०२।११ गते शुक्रवार दिनको ११:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गरिएकोमा हालसम्म पनि प्रदेश सभाको पाँचौ अधिवेशन आह्वान नभएको हुँदा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको पाँचौ अधिवेशन मिति २०८१।०२।११ गते शुक्रवार दिनको ११:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष पुनः सिफारिस गर्ने।

## सम्वत् २०८१ साल बैशाख २७ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सभाको पाँचौ अधिवेशन मिति २०८१।०१।३१ गते सोमवार दिनको ११:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः चुडामणी आचार्यको संयोजकत्वमा सात सदस्यीय सङ्घीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धी अध्ययन कार्यदल, २०८१ गठन गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः माननीय मन्त्री राम बहादुर मगरलाई अर्को व्यवस्था नभएसम्मका लागि कोशी प्रदेश, प्रदेश सरकारको प्रवक्ता तोक्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*